नेपाल सरकार
अर्थ मन्त्रालय

# प्रेस विज्ञप्ति

आज मिति २०७६/९/२५ गते शुक्रवारका दिन अर्थमन्त्रालयमा आयोजित सपथ ग्रहण कार्यक्रममा नेपाल धितोपत्र वोर्डको अध्यक्षमा नियुक्त हुनु भएका अध्यक्ष भिष्म राज ढुंगानाले माननीय अर्थमन्त्री डा. युवराज खतिवडा समक्ष पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभयो। सपथ ग्रहण समारोहमा सपथ लिंदै नेपाल धितोपत्र वोर्डका नवनियुक्त अध्यक्ष ढुंगानाले आफ्नो कार्यकालमा नेपालको पूँजी बजारको स्थायित्व, दायरा बिस्तार, नीतिगत तथा कानूनी सुधार, सूचना प्रविधिमा आधारित धितोपत्र बजारको विकास एवं व्यवसायिकतामा अभिबृद्धि गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूवाट नेपाल धितोपत्र वोर्डको अध्यक्षमा नियुक्त हुनु भएका अध्यक्षलाई बधाई दिंदै नेपाल सरकारले नवनियुक्त अध्यक्षबाट उहाँको विज्ञता पूँजी बजारको विकास एवम् विस्तार, बित्तीय क्षेत्र विकास रणनीतिको प्रभावकारी कार्यान्वयन, पूँजीबजारको नियमनमा जिम्मेवार र जवाफदेही रूपमा हुने विश्वास लिएको बताउनु भयो। यसैगरी उहाँको कार्यकालमा नियमनकारी निकायहरू, अपरेटरहरू तथा आम लाभग्राहीहरूबीचको सुमधुर र समन्वयात्मक सम्वन्ध विकास गर्दै FPO (Further Pubic Offering) जारी गर्दा अनुमानयोग्य र बस्तुनिष्ठ मापदण्डतय गर्ने लगायत संभावित जोखिमलाई न्यूनिकरण गर्ने र पूँजी बजार नेपालको आर्थिक विकासको सूचकका रुपमा विकसित हुने अपेक्षा राख्नु भएको थियो।

उक्त अवसरमा अर्थ सचिव, राजश्व सचिव लगायत अर्थ मन्त्रालयका सहसचिवहरु एवं धितोपत्र वोर्डका पदाधिकारीहरू लगायतको उपस्थिति रहेको थियो। ढुंगाना नेपाल सरकारको मिति २०७६/९/२१ को निर्णय अनुसार धितोपत्र वोर्डको अध्यक्ष नियुक्त हुनु भएको थियो।

(उत्तरकुमार खत्री)
सहसचिव/ प्रवक्ता

पौष २५, २०७६
अर्थ मन्त्रालय, सिंहदरवार।